बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरूले अब भिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।

खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म

सम्पर्क तथा विक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ, अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६१९३१/९७४६८६१९३३

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ ?
हो भने,
त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नविर्सौं। अधिक लाभको लोभमा नफर्सौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१४ ।। अङ्क : १५३ ।। २०७९ असार २६ गते आईतबार (10th Jul 2022 Sunday) | Pratidin National Daily | dNo-?-%÷-

'सप्तकोसी प्रदेश' काँग्रेसको प्रस्ताव

झापा (प्रस) । नेपाली काँग्रेस संसदीय दलका प्रमुख सचेतक सुर्यमाराज राईले सात दिनभित्र प्रदेश नामकरणको विषय प्रक्रियामा प्रवेश गर्ने बताएका छन् ।
शनिबार सञ्चारकर्मीहरुसँग कुरा गर्दै प्रमुख सचेतक राईले दलहरुबीच नामकरणका बारेमा औपचारिक छलफल सुरु भएको र दलका तर्फबाट नामसमेत प्रस्तुत भएकोले छिट्टै प्रक्रियामा लगेर टुंग्याउने तयारी भएको बताए । उनले सोमबारसम्म दलहरुले आन्तरिक छलफल सक्ने र फेरि सर्वदलीय बैठक बसेर नामकरणको प्रक्रिया अगाडि बढाउने तयारी रहेको पनि उनले बताए ।

प्रदेश नामकरणका लागि मुख्यमन्त्री राजेन्द्रकुमार राईले शुक्रबार प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलका नेताहरुसँग नामकरणको बारेमा छलफल आयोजना गरेका थिए । शुक्रबारको छलफलमा दलका तर्फबाट नामको प्रस्ताव समेत गरिएको थियो ।

बैठकमा नेकपा एमालेले प्रदेशको नाम 'कोसी प्रदेश' प्रस्ताव गरेको छ । प्रमुख सचेतक राईका अनुसार नेपाली काँग्रेसले 'सप्तकोसी प्रदेश', नेकपा माओवादी केन्द्रले 'किरात प्रदेश' र एकीकृत समाजवादीले बहुपहिचानमा आधारित नाम राख्नु उपयुक्त हुने प्रस्ताव गरेको थियो । नेकपा एसले बहुपहिचानमा आधारित नाम राख्दा किरात शब्द जोड्नु राम्रो हुने प्रस्ताव गरेको थियो ।

काँग्रेसले नेपालका कोसी भन्ने नदी नै नरहेको तर्क गरेको छ । 'हाम्रोमा भएको कोसी होइन सप्तकोसी हो । सप्तकोसीले ऐतिहासिकता, सभ्यता र पहिचान बोकेको छ । तर, कोसी नाम गरेको कुनै नदी वा पहिचान नेपालमा छैन,' प्रमुख सचेतक राईले भने ' भोटेकोसी, सुनकोसी जस्ता नामहरु छन् र ती सबै मिलेपछि सप्तकोसी बनेको छ ।'
शुक्रबारको बैठकमा नेपाली काँग्रेसले कुनै प्रस्ताव नगरेको समाचार सार्वजनिक भएपछि प्रमुख सचेतक राईले पत्रकारहरुलाई बोलाएर बैठकमा नाम प्रस्ताव गरेको प्रष्टीकरण दिएका हुन् । उनले भने 'नेपाली काँग्रेसको स्पष्ट दृष्टिकोण छ र हामीले सबैलाई मान्य हुने प्रस्ताव गरेका छौं । एकल पहिचान भन्दै कोसी र किराँत भन्नेहरु सप्तकोसीको प्रस्तावमा समर्थन गर्न आउने हामीलाई विश्वास छ ।' यद्यपि सबै दलहरुबीच नामकरणका लागि लचकताका साथ प्रस्तुत हुनेमा सहमत भएकोले नामकरण टुंगिने सम्भावना रहेको उनको भनाइ थियो ।
उनले भने 'हामी सप्तकोसीमा सबैको समर्थन हुन्छ भन्नेमा विश्वस्त छौं तर हामी पनि लचक छौं । भौगोलिक आधारमा नामकरण गर्ने भनेपनि प्रस्ताव छोड्ने पक्षको अपनत्वका लागि शब्दहरु थपघट हुनसक्छन् ।' उनले सहमति बन्ने अवस्थामा कोसी, किराँत वा यस्तै अरु नाम पनि हुन सक्ने बताए ।

महेन्द्र पार्कलाई पूर्ववत फर्काउन हस्ताक्षर

भद्रपुर (प्रस) । झापाको चन्द्रगढीस्थित महेन्द्र पार्कलाई पूर्ववत अवस्थामा फर्काउन माग गर्दै श्री ५ महेन्द्र शालिक पुनर्स्थापना समितिले भद्रपुर नगरपालिकालाई सयौं हस्ताक्षर बुझाएको छ । समितिले शुक्रबार बृहत हस्ताक्षर कार्यक्रम आयोजना गरी सयौंको संख्यामा स्थानीय र जिल्लाबासीको हस्ताक्षर संकलन गरेको आयोजक समितिका कार्यक्रम संयोजक चरण प्रसाईले जानकारी दिएका छन् । हस्ताक्षर संकलन सकिएलगत्तै समितिका पदाधिकारीहरुले भद्रपुर नगरपालिकालाई महेन्द्रको शालिक पुनर्स्थापना र महेन्द्र बाटिकालाई पूर्ववत अवस्थामा फर्काउनका निम्ति हस्ताक्षरसहित निवेदन दिएका थिए । अध्यक्ष गिरिराज पौडेल र समिति सदस्यहरुको उपस्थितिमा नगरप्रमुख र नगर उपप्रमुखको अनुपस्थितिमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेककुमार रेग्मीलाई निवेदन बुझाइएको जनाइएको छ ।
केही दिनअघि शालिक पुनर्स्थापना समितिले रंगरोकन गर्न खोज्दा प्रहरी प्रशासनले रोक लगाएपछि तनाव भएको थियो। समितिले महेन्द्र पार्कलाई पुरानै अवस्थामा फर्काउनका निम्ति संघर्ष गर्दै आएको छ । पटक पटकको सर्वदलीय बैठकले कुनै सहमति जुटाउन नसकेपछि समितिले गत जेठ २० गते महेन्द्र पार्क सरसफाई कार्यक्रम तय गरेको थियो। तर प्रहरी दमन गरेर नगरपालिकाले त्यसलाई असफल बनाएको सचिव सन्तोष बिमलीले आरोप लगाए ।
यसका साथै, महेन्द्रको शालिक पुनर्स्थापनाको लागि बनाइएको समितिले काम गर्न नसकेको भन्दै समिति भंग भएको छ । यसैबीच गत असार २० गते झापाली युवाहरुको भेलाले महेन्द्रको शालिक पुनर्स्थापनाको लागि नयाँ समिति गठन गरेको छ। समितिको अध्यक्षमा गिरिराज पौडेल, उपाध्यक्षमा सोना गेलाल, सचिवमा सन्तोष बिमली, कार्यक्रम संयोजकमा चरण प्रसाई, आर्थिक संयोजकमा ज्ञानेन्द्र तिवारी, सदस्यहरुमा अभिषेक खतिवडा, बिमल रणपहेली, शिव गौतम, सञ्जीव मैनाली, गोविन्द बुढाथोकी रहेका छन्।
समितिले निवेदन बुझाएकाले केही दिन नगरपालिकाको निर्णय पर्खिने र त्यसपछि थप संघर्षका कार्यक्रम सार्वजनिक गर्ने बताएको छ। समितिले जस्तोसुकै परिस्थिति आएपनि शालिक पुनर्स्थापना गरेरै छोड्ने दावी गरेको छ ।

बिर्तामोडको होटलबाट यौनधन्दामा संलग्न ९ पक्राउ

बिर्तामोड (प्रस) । प्रहरीले लामो समयपछि यौनधन्दा सञ्चालन गर्ने होटलहरूमा छापा मारेर ९ जनालाई पक्राउ गरेको छ। बिर्तामोड नगरपालिका-१ स्थित पश्चिम स्टेन्डका विभिन्न होटलहरूमा दिउँसै यौनधन्दा हुने गरेको जनगुनासो बढेपछि इलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको प्रहरी टोलीले शनिवार छापा मारेको हो ।
प्रहरीले अधुवा खोला नजिकको एभरेस्ट होटलबाट सात जना र सूर्योदय टोलस्थित एक घरबाट दुई जनालाई पक्राउ गरेको इलाका प्रहरी कार्यालय बिर्तामोडले जनाएको छ । पक्राउ परेकाहरू यौनधन्दामा संलग्न रहेको जनाइएको छ ।
पक्राउ पर्नेमध्ये एक जना बिरामी रहेकोले उसको हेरचाहका लागि अर्का एक जना गरी दुई जनालाई अस्पताल पठाइएको डिएसपी रूगमबहादुर कुँवरले जानकारी दिए । बाँकी सात जनालाई म्याद थपका लागि झापा जिल्ला अदालत लगिने उनले बताए । पक्राउ पर्ने युवतीहरू २० देखि ३० वर्षका भएको र उनीहरू बिर्तामोड, भद्रपुर र हल्दीवारीका रहेको प्रहरीले जनाएको छ । स्थानीय टोल समिति, टोल समितिमा आवद्ध आमा समूहको सक्रियतामा प्रहरीले उनीहरुलाई नियन्त्रणमा लिएको हो ।
यौनधन्दा चलाएको आरोपमा बिर्तामोड-४ स्थित अधुवा खोला पुलको पश्चिमतर्फ रहेको एभरेष्ट होटलमा वडाध्यक्ष राहुल शर्माको रोहवरमा स्थानीयले ताला समेत लगाएका छन् ।
टोलमा विकृति बढेर बढ्नुका साथै यौनधन्दामा संलग्नको अस्वाभाविक क्रियाकलाप र लवजका कारण सो क्षेत्रमा बाटो हिड्न पनि नसकिने अवस्था

❖ बाँकी अन्तिम पृष्ठमा

गरामनी स्वास्थ्य चौकी पहिलो

बिर्तामोड (प्रस) । बिर्तामोड नगरपालिका वडा नम्बर ८मा रहेको गरामनी स्वास्थ्य चौकी स्वास्थ्य सुचांकहरुको मूल्यांकनका आधारमा पहिलो भएको छ ।
स्वास्थ्य शाखाले शनिबार आयोजना गरेको आर्थिक वर्ष २०७८/०७९को स्वास्थ्यतर्फको वार्षिक समीक्षा कार्यक्रममा प्रस्तुत गरेको प्रगति तथ्याङ्कका आधारमा गरामनी स्वास्थ्य चौकी पहिलो भएको हो । मूल्यांकनमा वडा नम्बर १० को सैनिकबजार आधारभूत स्वास्थ्य चौकी दोस्रो र वडा नम्बर ३मा रहेको अनारमनी नगर अस्पताल तेस्रो भएको छ । विजेता स्वास्थ्य संस्थाका प्रमुख तथा सम्बन्धित वडाका वडाध्यक्षहरुलाई कार्यक्रमकी प्रमुख अतिथि नगरप्रमुख पवित्रा महतारा प्रसाईले प्रमाणपत्र प्रदान गरिन् ।
सोही कार्यक्रमका बीच महिला,बालबालिकाको स्वास्थ्य अवस्थालाई प्रबर्द्धन गर्न, स्वास्थ्य

सेवालाई समुदाय स्तरसम्म स्थापित गर्न र सामाजिक सेवाका विभिन्न क्रियाकलापहरुमा स्वयम्सेवकको रुपमा महत्वपूर्ण योगदान पुर्याउने वडा नम्बर २ की शान्ता लिम्बु, वडा नम्बर ४ की रेणुका उप्रेती र वडा नम्बर ९की विष्णुमाया श्रेष्ठलाई सम्मान गरिएको छ। उनीहरुलाई ५ हजार रुपैयाँ नगदसहित सम्मानपत्र प्रदान गरिएको थियो । यस्तै सम्मानित हुनेहरुमा आमा समूह पनि रहेका छन् । वडा नम्बर १को जागृति आमा समूह, वडा नम्बर ५को इन्द्रेणी आमा समूह र वडा नम्बर ७को बिरान आमा समूह रहेका छन् । उनीहरुले सम्मानपत्रसहित ५ हजार मूल्य बराबरको जिन्सी सामग्री प्राप्त गरेका छन् ।

कार्यक्रममा बोल्दै नगरप्रमुख प्रसाईले स्वास्थ्य पहिलो प्राथमिकतामा रहेकोले जनताले पाउने सुविधाबाट बन्चित गर्न नहुने बताइन् । उनले प्रक्रियागतरुपमा केहि समस्या भए हल गर्दै जनतालाई सरकारी स्तरबाट गर्न सकिने सेवा सुविधालाई सरल र सहज बनाउँदै लैजान निर्देशन समेत दिइन् । कार्यक्रममा वडा नम्बर १का वडाध्यक्ष अग्निप्रसाद पाण्डे, वडा नम्बर ७का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वा,स्वास्थ्य कार्यालय झापाका प्रमुख योगराज धिमिरेलगायतले बोलेका थिए ।
वार्षिक समीक्षा कार्यक्रममा नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, वडा नम्बर ३का वडाध्यक्ष मदन बुढाथोकी,वडा नम्बर ४का वडाध्यक्ष राहुलकुमार शर्मा, वडा नम्बर १०का वडाध्यक्ष दुर्योधन गुरुङ,स्वास्थ्य कार्यालय झापाका तथ्यांक अधिकृत चुडामणि लुईटेलको पनि सहभागिता रहेको थियो ।
स्वास्थ्य शाखा प्रमुख राजिव विष्टको अध्यक्षतामा आयोजित कार्यक्रमको सञ्चालन सिनियर अहेब अधिकृत दिपक सापकोटाले गरेका थिए ।

निमन्त्रणा

यस ज्योती विकास बैंक लिमिटेड, धुलाबारी शाखा समुद्घाटन समारोहमा यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं।

विशाल राई
शाखा इन्चार्ज

निशिल ढकाल
क्षेत्रीय प्रमुख

कार्यक्रम
समय: ९ बजे
मिति : २०७९ असार २७ गते
स्थान : ज्योती विकास बैंक , धुलाबारी शाखा
मेचीनगर नगरपालिका १०, धुलाबारी, झापा

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
"नेपाल राष्ट्र बैंकबाट 'ख' इजाजतप्राप्त वित्तिय संस्था"

श्रीलंकाको राष्ट्रपति निवास प्रदर्शनकारीको कब्जामा

एजेन्सी । श्रीलंकामा सरकारविरोधी प्रदर्शन हिंसात्मक बन्दै गएको छ । शनिबार प्रदर्शनकारीहरूले राष्ट्रपति निवास घेराउ गर्न थालेपछि राष्ट्रपति गोताबाया राजापाक्षे सरकारी निवास छाडेर भागेका छन् । यद्यपि उनलाई अज्ञात र सुरक्षित स्थानमा सारिएको बताइएको छ ।

यससँगै प्रदर्शनकारीहरूको समूहले राजधानी कोलम्बोस्थित उनको निवासलाई लगभग कब्जामा लिएको छ । सामाजिक सञ्जालमा सार्वजनिक भएका भिडियोमा भने राष्ट्रपति निवासभित्र प्रवेश गरेका प्रदर्शनकारीहरूले स्वीमिङ खेल्नुका साथै चिया पिइरहेको दृश्य देखिएको छ ।

राष्ट्रपतिको राजीनामा माग गर्दै उठेको प्रदर्शन हिंसात्मक बन्दै गएको हो। हजारौंको संख्यामा रहेका प्रदर्शनकारीहरूले 'पुलिस ब्यारिकेड' साथै राष्ट्रपति कार्यालयको गेट तोडफोड गरेका छन् । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार उक्त आन्दोलन यस वर्षको सबैभन्दा ठूलो प्रदर्शनमध्ये एक हो ।

जहाँ प्रदर्शनकारीहरूले श्रीलंकाको राष्ट्रिय झण्डा प्रदर्शन गर्नुका साथै राष्ट्रपति सरकार विरोधी ब्यानर देखाएका छन् । प्रदर्शनलाई नियन्त्रणमा लिन ठूलो संख्यामा सुरक्षाकर्मी खटाइए पनि प्रदर्शन रोकिएको छैन ।

सेना र प्रहरीले भीड नियन्त्रणमा लिन संयुक्त रुपमा प्रयास गरे पनि भीड अनियन्त्रित बन्दै गएको छ । यस क्रममा सुरक्षाकर्मीले थुप्रै अश्रुग्यास प्रहार गर्नुका साथै हवाइ फायर पनि गरेको छ । प्रहरीले कर्फ्यू लगाए पनि प्रदर्शनकारीहरू त्यसको अवज्ञा गर्दै सडकमा उत्रिएका हुन् ।

यसैबीच प्रधानमन्त्री रनिल विक्रमासिंघेले सबै राजनीतिक दलका नेताहरूलाई आकस्मिक बैठक बोलाएका छन् । साथै उनले विज्ञप्ति जारी गर्दै संसद बैठक बोलाउन पनि सभामुखलाई आग्रह गरेका छन् । प्रदर्शन हिंसात्मक बन्दै जाँदा प्रधानमन्त्री विक्रमासिंघे पनि शनिबार नै सुरक्षित स्थानतर्फ स्थानान्तरण भएको रोयटर्सले जनाएको छ ।

प्रदर्शनकारी र सुरक्षाकर्मीबीच झडप हुँदा दर्जनौं प्रहरी अधिकृतसहित ठूलो संख्यामा मानिसहरू घाइते भएका छन् । गत वर्ष मार्चदेखि हुँदै आएको प्रदर्शनमा मानिसहरूले सहज जीवनयापनको माग गर्दै आएका छन् । श्रीलंकामा इन्धन तथा खाद्यान्न अभाव हुन थालेपछि एक वर्षदेखि नै पटकपटक हिंसात्मक प्रदर्शन हुँदै आएको छ।

२ करोड २० लाख जनसंख्या भएको दक्षिण एसियाली मुलुक श्रीलंकामा आर्थिक संकट गहिरिँदै जानुमा यहाँका राजीनिज्ञहरू नै दोषी रहेको बताइन्छ । विश्लेषकहरूले पनि यस्तो अवस्था आउनुमा प्रमुख नेताहरूलाई नै दोषी देखेका छन् । विशेषगरी राष्ट्रपति गोताबाया राजापाक्षे यसका लागि जिम्मेवार रहेको भन्दै प्रदर्शनकारीहरूले उनको राजीनामा मागिरहेका छन् ।

यतिसम्म कि प्रदर्शनकारीले राजापाक्षले देश नै छाडेर जानुपर्ने नारा लगाइरहेका छन् । विदेशी मुद्राको अभाव साथै औषधिलगायत खाद्यान्न अभाव भएपछि आएको श्रीलंकाले पछिल्लो ७० वर्षयताकै ठूलो संकटको सामना गरेको बताइन्छ ।

महिनौंसम्म चलेको प्रदर्शनसँगै यसअघि राजापाक्षका भाइ महिन्दा राजापाक्षले गत महिना प्रधानमन्त्री पदबाट राजीनामा दिएका थिए । त्यसलगत्तै गोताबायाका अरु दुई भतिजाले पनि मन्त्री पदबाट राजीनामा दिएका थिए । गत मे महिनामा विक्रमासिंघेले प्रधानमन्त्रीको पद सम्हालेपछि केही हदसम्म प्रदर्शन मत्थर हुने अपेक्षा गरिएको थियो । अहिले भने प्रदर्शनकारीले राष्ट्रपति गोताबायासँगै प्रधानमन्त्री विक्रमासिंघेको पनि राजीनामा माग गरिरहेका छन् ।

प्रधानमन्त्री विक्रमासिंघेले यसअघि नै देशको अर्थतन्त्र ध्वस्त भएको घोषणा गरेका थिए । हाल यहाँका अधिकांश जनताले दिनमा तीन पटक खाना खान नसक्ने बताइन्छ । आर्थिक संकटसँगै उत्पन्न राजनीतिक अस्थिरताप्रति रुष्ट जनता यतिबेला राजनीतिक नेतृत्वप्रति आक्रोशित बन्दै आएका छन् ।

राजनीतिक नेतृत्वबाट आर्थिक संकट समाधान हुन नसक्दा आम नागरिकहरू थप आक्रोशित बनेका हुन् । त्यसो त गत महिना पनि राष्ट्रपति विक्रमासिंघेको निवास घेराउ गर्नुका साथै आन्दोलनकारीहरूले पूर्वमन्त्री र सांसदको घरमा आगजनी गरिदिएका थिए । त्यस क्रममा एक सांसदको मृत्युसमेत भएको थियो ।

शनिबार प्रदर्शन अनियन्त्रित हुँदै गर्दा १६ जना सांसदहरूले संयुक्त रुपमा राष्ट्रपतिको राजीनामा माग गरिरहेका छन् । राष्ट्रपतिले राजीनामा दिएर मार्ग प्रशस्त गरिदिनु पर्ने उनीहरूको भनाइ छ ।

रोपाइँका बेला मल माग्दै किसान सडकमा

विराटनगर (प्रस) । मोरङको कटहरी गाउँपालिका-३ की सञ्जादेवी सहनी प्रतिबिघा ३५ मन ठेक्कामा लिएर बर्सेनि धान लगाउँछिन्। ठेक्कामा लिएर २ बिघा क्षेत्रफलमा धान रोपाइँ गर्दै आएकी उनी अहिले मल अभावमा पिरोलिएकी छन्।

'१ बिघाको ३५ मन ठेक्का बुझाउनुपर्छ। रोपाइँका बेलामा मल नपाउँदा ठेक्का तिर्ने धान पनि फलाउन सक्छु कि सिक्दिनँ भन्ने चिन्ताले सताएको छ,' उनले भनिन्, 'सरकारले मल दिएन । हामी किसानले कसरी बाँच्नु?'

मल नपाउँदा मकै पनि राम्रो नफलेको बताउने सहनी धान लगाउने बेला उस्तै समस्या झेल्नु परेको गुनासो पोख्छिन्। समयमा मल पाउँदा प्रतिबिघा ६० देखि ७० मन धान फलाउने गरे पनि यसवर्ष त्यो सम्भावना नरहेको उनको गुनासो छ। लागत खर्च बढ्दा कृषकले खेती धान्नसक्ने अवस्था नभएको उनले बताइन्।

रंगेली नगरपालिका-१ का भोगेन्द्र बस्नेत ४ बिघामा धान लगाउँछन्। 'माटोलाई मल हाल्ने बानी परेको छ। मल नहाले उत्पादन राम्रो हुँदैन,' उनले भने, 'तर नपाएर भौतारिनु परेको छ। हाम्रो दुःख सरकारले देखेन।' धान रोपाइँमा व्यस्त हुनुपर्ने बेला मल नपाएर छटपटाउनुपर्ने अवस्था आइरहेको दुखेसो बस्नेतले पोखे। मलको अभावले पिरोलिरहेका बेला इन्धनको मूल्य बढाएर कृषकलाई सरकारले अर्को भार थपिदिएको गुनासो उनको छ। 'सरकारको सहयोग नपाउँदा किसानलाई खेती गर्न मुस्किल परिरहेको छ,' उनले भने, 'उत्पादनमा ह्रास आएर यसवर्ष मुलुकमा ठूलो खाद्य संकट आउने अवस्था छ।' १ बिघामा धान लगाउँदा ६० हजार रूपैयाँसम्म खर्च लाग्ने बस्नेतले बताए। मल नलगाउँदा धान भने एक बिघामा ४० मन पनि फल्न मुस्किल पर्ने गुनासो उनको छ।

'मल पाउँदा र समयमा पानी पर्दा उत्पादन पर्याप्त हुन्थ्यो। मल नहालेसम्म माटोले उत्पादन राम्रो दिँदैन,' बस्नेतले भने, 'खेतीमा लागत बढ्ने र उत्पादन घट्ने समस्या आइरहेको छ। त्यहाँमाथि सरकारले समयमा मल उपलब्ध गराएन।' उनले खेती नै छाड्नुपर्ने अवस्थामा किसान पुगिसकेको गुनासो गरे।

सहनी र बस्नेतजस्ता किसानहरुले यसवर्ष रासायनिक मलको चरम अभाव भोगिरहेका छन्। कृषकहरुले मल अभावका कारण उत्पादनमा ह्रास आउने र चर्को मूल्यवृद्धिले लागत बढ्ने गुनासो गरेका छन्। सरकारको बेवास्ताको सिकार हुँदा किसान सबैभन्दा बढी मर्कामा परिरहेको उनीहरुको भनाइ छ।

रोपाइँको चटारोमा व्यस्त हुनुपर्ने बेला मल माग्दै किसान सडकमा निस्किएका छन्। किसानले सरकारविरुद्ध शनिबार विराटनगरमा प्रदर्शन गरेका छन्। रोपाइँ गर्न छाडेर उनीहरु सरकारविरुद्ध आन्दोलित बनेका हुन्।

अखिल नेपाल किसान महासंघको अगुवाईमा तत्काल रासायनिक मल उपलब्ध गराउनुपर्ने र पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि फिर्ता हुनुपर्ने माग राखेर किसानले आन्दोलन सुरु गरेका हुन्। पत्रकार सम्मेलनसमेत गरेर तत्काल मागको सम्बोधन नभए कडा आन्दोलनमा उत्रने चेतावनी उनीहरुले दिएका छन्।

अखिल नेपाल किसान महासंघ मोरङका अध्यक्ष देवेन्द्र पौडेलले वर्तमान सरकार किसानमारा रहेको आरोप लगाए। 'नेपाललाई कृषि प्रधान देश भनिए पनि मुख्य बाली धान लगाउने बेलामा कृषकले मल पाएका छैनन्। खेतीमा आवश्यक पर्ने इन्धनमा मूल्यवृद्धि गरिएको छ,' उनले भने, 'सरकार जनविरोधी गतिविधि गरिरहेको छ। किसानका समस्याको सुनुवाइ नै हुँदैन।'

बाली लगाउन व्यस्त हुनुपर्ने बेलामा सरकारको आलोचना गरेर कृषकले सडकमा उत्रनुपर्ने अवस्था आउनु दुःखद् भएको उनले बताए। चुप लागेर बस्नसक्ने अवस्था नभएको र पीडा थाम्न नसकेपछि मल अभाव र इन्धनको मूल्यवृद्धिविरुद्ध आन्दोलन सुरु गरेर किसानले सडक तताउनु परेको पौडेलले बताए।

मलका लागि पटकपटक सम्बन्धित निकायको ध्यानाकर्षण गराइए पनि किसानका कुरा कसैले नसुनेको उनले बताए। 'पीडाले किसानलाई अति सताइसक्यो। सशक्त आन्दोलनमा जान सरकारले बाध्य पार्दैछ,' पौडेलले भने, 'हैन भने, मलको आपूर्ति सहज बनाओस् । मूल्यवृद्धि नियन्त्रण गरोस्।'

तत्काल मागको सुनुवाइ नभए प्रशासन कार्यालय घेराउ गर्नेदेखि लिएर साल्ट ट्रेडिङ, कृषि सामग्री कम्पनी लिमिटेड लगायतका निकायमा तालाबन्दी गरिने उनको भनाइ छ।

अवैध सुपारीसहित गाडी नियन्त्रणमा

झापा (प्रस) । झापाको मेचीनगर नाकाबाट खुलेआम तेस्रो मुलुकबाट आयातित सुख्खा सुपारी तस्करी भइरहेको छ । मेचीनगरको काँकडभिट्टा, नकलबन्दा, बाहुण्डाँगी, तिरीडलगायतका नाकाबाट हुने सुपारी तस्करी केही समयका लागि रोकिएपनि फेरि सुरु भएको छ ।

यसै क्रममा इलाका प्रहरी कार्यालय काँकडभिट्टाले अवैध सुपारीसहित एउटा सवारीसाधन नियन्त्रणमा लिएको छ । मेचीनगर- ५ स्थित तिरिङ-काँकडभिट्टा सडकखण्डमा शनिवार बिहान पौने ११ बजे मे १ च ४९८० नम्बरको पिकअप गाडी चेकजाँच गर्दा करिब ७ सय केजी अवैध सुपारी बरामद गरिएको इलाका प्रहरी कार्यालय काँकडभिट्टाका डिएसपी ज्ञानकुमार महतोले जानकारी दिए ।

बिना कागजात तिरिङतर्फ लैजाने

क्रममा अन्दाजी २ लाख ८८ हजार ४ सय मूल्य बराबरको सुपारी बरामद गरिएको डिएसपी महतोले जानकारी दिए । बरामद गरिएको सुपारी, गाडी र गाडी चालक ४८ वर्षीय दानबहादुर पोखरेललाई आवश्यक कारबाहीको लागि राजश्व अनुसन्धान कार्यालय इटहरी बुझाइसकेको उनले बताए ।

चार दिनअघि मात्र मेचीनगर- ६ स्थित तुर्केनी नाकाबाट भारतीय महिलाले सुपारी बोकेर भारत लैजाने क्रममा सशस्त्र र नेपाल प्रहरीबीच विवाद भएको थियो । डियुटीमा रहेका सशस्त्रले पठाउन खोजेको सुपारी नेपाल प्रहरीले छेक्न खोज्दा दुवै पक्षबीच विवाद भएको थियो । त्यस्तै विराटनगरमा भन्सार छली अवैध रुपमा भण्डारण गरिराखेको खाद्यान्न सामग्री प्रहरीले बरामद गरेको छ ।विशेष सूचनाको आधारमा शुक्रबार दिउँसो १ नम्बर प्रदेश प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले विराटनगर ६ स्थित विनोद केसरीको गोदाम घरमा भन्सार छली भण्डारण गरिराखेको ४७ बोरा चिनी, ३२ बोरा मटर, ५ बोरा छोकडा, १० कार्टुन पानीपुरी, ४ कार्टुन रसगुल्ला समेत गरी अन्दाजी २ लाख ३० हजार मूल्य बराबरको सामान बरामद गरेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

झापामा हात्तीको आक्रमणबाट पाँच जनाको मृत्यु

झापा (प्रस) । चालु आर्थिक वर्षमा जिल्लामा पाँच जना मानिसले हात्ती आक्रमणमा परेर ज्यान गुमाएका छन् भने दुई वटा हात्ती मारिएका छन् । हात्ती आक्रमणमा परेर ज्यान गुमाउनेमा ज्येष्ठ नागरिक रहेको डिभिजन वन कार्यालयको तथ्याङ्कले देखाएको छ । उनीहरूलाई चिया बगानमा पत्ती टिप्दा, खेतमा पानी लगाउँदै र घाँस काट्दै गर्दा हात्तीले कुल्चेर मारेको डिभिजन वन कार्यालय झापाले जनाएको छ ।

हात्तीबाट मारिनेमा मेचीनगर नगरपालिका-९ की ७० वर्षीया पेना किसान, दमक नगरपालिका दमक-३ का ६३ वर्षीय गणेशप्रसाद अधिकारी, मेचीनगर नगरपालिका-१३ स्थित चारआली घर भएका ७१ वर्षीय खम्बासिंह कार्की, भद्रपुर नगरपालिका-

९ बस्ने ६० वर्षीय रामबहादुर बुर्जा, कनकाई नगरपालिका ७७ वर्षीय कृष्णबहादुर भुजेल रहेको कार्यालयका सहायक वन अधिकृत राजकुमार खत्रीले बताए ।

हात्तीले बिहान, बेलुकाको समयमा आक्रमण गरेर मान्छेलाई मारेको छ । भारतबाट दैनिक हुल बाँधेर आउने हात्तीमध्ये १३ यहीको जङ्गलमा रैथाने भएर बसेका छन् । झापामा चार दशकदेखि मानव र हात्तीबीचको द्वन्द्व निरन्तर छ । हात्तीको आक्रमणबाट हुने गरेको मानवीय क्षति रोकिएको छैन भने हात्ती मारिने क्रमसमेत नरोकिएको हात्ती संरक्षणकर्ता शंकर लुइँटेलको भनाइ छ ।

बुद्धशान्ति गाउँपालिका-५ आयाबारीमा करिब आठ वर्ष र अर्जुनधारा नगरपालिका-४ दहीझोडा सामुदायिक वनभित्र रहेको खोला किनारमा २५ वर्षको हात्ती यसै हप्ताभित्र मृत भेटिएको सहायक वन अधिकृत खत्रीले जानकारी दिए । अर्जुनधारामा मृत भेटिएको हात्तीको वरिपरि विद्युतीय तारबार भेटिएको हुँदा सो हात्तीलाई स्थानीयवासीले नै करेन्ट लगाएर मारेको हुनसक्ने आशंका गरिएको उनको भनाइ छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

भूमिसुधार कार्यालय भद्रपुर ,झापा

मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोत गर्न छाडेको/ बेपत्ता भएकोले मोहीको लगत कट्टा गरिपाऊँ भनी कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी बिरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र दावी बिरोध नभएमा भू.सं. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

जग्गाधनीको विवरण	जग्गाको ठेगाना	कित्ता नं.	क्षेत्रफल	मोहीको नाम थर
नविन भट्टराई	बाहुनडाँगी -४	१२	०-७-०	कलबहादुर (कलाबहादुर तामाङ)

आर्थिक अभावका कारण बालकको उपचारमा समस्या

बिर्तामोड (प्रस) । झापा बिर्तामोडका एक बालकलाई आर्थिक अभावका कारण ब्लड क्यान्सरको उपचारमा समस्या भएको छ ।

बिर्तामोड ३ स्थित मेघाबारी टोलका २० महिनाका बालक युसेफ भट्टराईलाई ब्लड क्यान्सर भएको हो ।

करीब १ महिनादेखि विरामी भएका बालकको भारतको राजीब गान्धी क्यान्सर अस्पतालमा महँगो खर्चमा उपचार

भईरहेको छ ।दिल्लीस्थित राजीब गान्धी अस्पतालको बेडमा ब्लड क्यान्सर रोगसंग लडिरहेका उनी गत महिना एक्कासी बिरामी भएको उनका बुबा रामप्रसाद भट्टराईले बताए ।उपचारका लागि अस्पताल लैजाँदा ब्लड क्यान्सर भएको पत्ता लाग्यो ।

छोरा बिरामी भएपछि बैदेशिक रोजगारीको सिलसिलामा कुबेतमा रहेका रामप्रसादले आफू नेपाल फर्किएको बताए । उपचारमा हालसम्म ५ लाख भारतीय रुपैंयाँ खर्च भईसकेको छ । चिकित्सकले बताए अनुसार पूर्णरुपले सन्चो गर्दासम्म उपचार खर्च ३० लाख भारतीय रुपैंयाँ लाग्ने बालकका बुबा रामप्रसादको भनाई छ ।

'कसरी औषधि उपचार खर्च जुटाउने आफूसंग भएको पैसा सकियो मोटो रकम कसरी जुटाउने भन्ने चिन्ता छ' उनी भन्छन्, छोराको जीवन रक्षाको लागि दाताहरुलाई अनुरोध गर्ने बाहेक अन्य विकल्प आफूसंग छैन ।'

यति मोटो रकम आफूसंग नभएकोले छोराको जीवन रक्षाको लागि सवैमा अनुरोध गरेको बुवा रामप्रसादले बताए ।सहयोग गर्ने दाता , संघसंस्थालाई आफ्नो रामप्रसाद भट्टराईको नाममा बिर्तामोड शाखामा रहेको नेपाल इन्भेष्टमेन्ट बैंकको खाता नम्बर ०१८०५०८०२५१९६९ मा सकेको सहयोग गरिदिन उनले अनुरोध गरेका छन् ।

बिर्तामोडको...

आएको भन्दै स्थानीयले विकृति रोक्न प्रहरीलाई आग्रह गरेका थिए ।

सो होटल आसपासका केही घरमा समेत यौनधन्दा सञ्चालनमा रहेको आशंकामा स्थानीय र प्रहरीले छापा मारेको थियो । सो क्रममा यौनसम्पर्कका लागि प्रयोग गरिने अस्थायी साधन, एचआएभी एड्सका संक्रमितले प्रयोग गर्ने औषधी तथा अन्य विभिन्न सामग्री समेत फेला परेको इलाका प्रहरी कार्यालय बिर्तामोडका निमित्त प्रमुख होमनाथ दाहालले जानकारी दिए ।

उक्त ठाउँमा विगत लामो समयदेखि यौनधन्दा हुँदै आएकोबारे प्रहरीलाई जानकारी दिएपनि बेवास्ता गरेको भन्दै शनिबार विहान प्रहरी र वडाध्यक्षलाई साक्षी राखेर यौनकर्मी नियन्त्रणमा लिन स्थानीय महिला आफैं सक्रिय भएका हुन् ।

सूर्योदय टोल विकास संस्था र सुन्दर सामुदायिक प्रहरी सेवा केन्द्र बिर्तामोडको संयोजनमा टोलका समस्याबारे छलफल गर्न आयोजित भेलामा उपस्थित महिलासहित अधिकांश स्थानीयले टोलमा यौनधन्दा हुने गरेको उल्लेख गर्दै सबैभन्दा पहिले उक्त धन्दा नियन्त्रणका लागि प्रहरी प्रशासनलाई आग्रह गरेका थिए ।

तालाबन्दी गरिएको एभरेष्ट होटलको मुनिबाट ३ जना युवती र युवकलाई बिहान साढे आठ बजेतिर भित्री बस्त्रमा मात्रै भेटेपनि लाज छोप्ने कपडा लगाइदिएर बाहिर निकालेको सुशिला ढकालले बताइन् । यौनधन्दाका विषयमा एभरेष्ट होटल सञ्चालक प्रेम तिम्सिनाले भने आफूले मान्छे नराखेको दावी गरेका थिए । होटल सञ्चालक तिम्सिनाले आफूले अवैध तरिकाले धन्दा चलाएको प्रमाणित भए कारवाही भोग्न तयार रहेको दावी गरेपछि आक्रोशित महिलाहरुले उक्त होटलभित्र प्रवेश गरी अर्धनग्न अवस्थामा युवायुवती समातेर प्रहरीलाई जिम्मा लगाएको सूर्योदय टोल विकास संस्थाका अध्यक्ष सञ्जीव चापागाँईले बताए ।

सुन्दर सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष उत्तम खनालले समाजमा फैलिएको गलत धन्दा नियन्त्रण गरी शान्ति सुरक्षा कायम गर्न प्रहरी प्रशासनलाई अझ सक्रियतापूर्वक लाग्न आग्रह गरे ।

राजमार्ग आसपासका होटलहरूमा खुलेआम यौनधन्दा सञ्चालन हुँदा समेत प्रहरी प्रशासन मौन बसेको थियो ।

स्थानीयको गुनासोपछि प्रहरी बल्ल एक्सनमा उत्रिएको स्थानीयको भनाई छ । यौनधन्दा सञ्चालन गर्ने साना होटेलमा प्रहरीले छापा मारेर काम देखाए पनि ठुला तथा नाम चलेका होटलहरूमा भने प्रहरीले अहिलेसम्म छापा मार्न नसकेको गुनासो पनि स्थानीयले गरेका छन् ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

प्रतिदिन अभिव्यक्ति

कविता

थोरै ठुस्किँदा प्रेम चिसिने भए

तारा लिम्बू

अलिकति चिच्याउँदा माया मिसिने भए
थोरै ठुस्किँदा प्रेम चिसिने भए
आँखाको रोशनीसँग
उसको प्रेम कसरी हुन्थ्यो
नजरको दोष हो या
मुटुको निर्णय
कसम यो दिमागलाई थाहा छैन
पर्खालमा सजिएको तस्बिर हेरेर
मुसुक्क मुस्कुराउनु पर्ने
मौनतामा जिन्दगीको खुसी खोज्नु पर्ने
कसम आजकल
ती सपनाहरू सम्हाल्न नै गाह्रो हुन्छ

आज पनि हिजो जस्तै मन भएको भए
आँखा चिम्लिएर नै भनिदिन्थें
कि वरिपरि के चलिरहेछ
अनि तिम्रो मुटुको धड्कन
किन बढिरहेछ
तर फेरि पनि भन्छु
मलाई नसोध हिजो कस्तो थियो

नजिकैको घाटलाई यो पनि नसोध कि
जति नै शृंगार गरे पनि
ऊ सँधै किन मौन छ
आशा नगर ऊ बाट कुनै
मुठीको सास खोसिए पछिको लासमा
ऊ धेरै के नै गर्न सक्छ र तिम्रो लागि
बरू आतुर छ ती आँखै अगाडिका
निसानी मेट्न
बगेका तिम्रा आँखाका आँशु सुकाउन
उडेको धुँवाको आकार बिलाउन
जलेको बाँकी खरानीलाई
सङ्लो पानीमा घोल्दै धमिल्याउँदै बगाउन
कसम यो दिलले भन्छ
ऊ हिजो र म भोलि
आखिर बाटो त उही न हो
हिँड्दा हिँड्दै थाकेर
बाटैमा पर्खिने चेष्टा नगर्नू
कतै म अल्मलिन पनि सक्छु
एकैछिन भए पनि
मेरो आँखाको निर्दोष प्रेमसँग
जतिबेला तिमीलाई ढिलो हुनसक्छ
त्यो अनन्त यात्रामा जान
फेरि पनि भन्छु
कसम म बाधा होइन
शुभकामना दिन्छु तिमीलाई
बिन्ती गर्छु हजार बार
अर्कोपटक भेट्दा फूलबारीमा भेट होस्

गर्भपतनसम्बन्धी बहस: प्रजननको अग्राधिकार कसलाई?

दुर्गा पौड्याल

प्रजनन स्वास्थ्य अधिकार सुनिश्चितताका लागि नेपालले २०५९ सालमा चालेको कानुनी कदम र मुलुकी अपराध संहिता २०७४ ले गरेको व्यवस्थाले महिलाहरूलाई प्रजनन अधिकारमा केही हदसम्म खुकुलो वातावरण तयार पारेको छ । यद्यपि गर्भपतनका सवालमा अझै तमाम प्रकारका घुमाउरा समस्याहरू बाँकी छन्। कानुनले दिएका अधिकारसम्म पुग्नबाट रोक्ने पारिवारिक र सामाजिक कठिनाइहरू त यथावतै छन्। व्यक्तिको निजत्व र कानुन तथा संवैधानिक व्यवस्थाका संघर्षहरू मानवीय जीवनमा हरेक परिवेशमा नयाँ रुपमा आउने गर्छन्। खासगरी निजत्व राज्य र ऐन कानुनको मातहत रहने गर्छ भने निजत्वको सुरक्षा गर्ने जिम्मा पनि संविधान र कानुनको हो। सायद त्यही कारण संविधानले गर्भपतनको विषयमा महिलाहरूलाई नै अग्रअधिकार दिने सोचका साथ कानुनहरू खुकुलो बनाएको हुनुपर्छ। संविधान, कानुनले प्रदान गरेको त्यस प्रकारको अधिकारले अधिकांश ठाउँमा महिलाहरूले राहतको अनुभूति गरेका छन्। कहीं प्रजनन्सम्बन्धी अधिकार दुरुपयोग पनि भएको छ। कानुनले मानवीय जीवनलाई दिने राहत मूल कुरा हो र अधिकारको दुरुपयोग सहायक पक्ष हो। दुरुपयोग गर्नेहरूलाई नियन्त्रण गर्ने र सदुपयोग गर्नेहरूलाई राहतको खुसी यथावत राख्ने राज्यको दायित्व हो।यद्यपि गर्भपतनको सवाल महिलाको निजी मामिला हो वा संविधान, ऐन र कानुनको? यो लामो समयदेखिको बहस हो। साधारण आँखाले हेर्दा र व्यवहारिक रुपमा गर्भपतन नितान्त एक महिलाको निजत्वको मामिला हो। उसको शरीरमा उसकै अधिकार अवधारणा अस्वीकार गर्न सकिँदैन। हरेक निजत्व संविधान, कानुन र राज्यको संरक्षणमा मात्रै रक्षा र विकासको चरण पार गर्न सक्छन्।

यस सन्दर्भमा खासगरी गर्भपतनको सवाल सपाट दुई पक्ष व्यक्ति र कानुनसँग मात्र सीमित र सम्बन्धित छैन। यो सिंगो समाज, धर्म, संस्कार, परम्परा, परिवार, सोच, चिन्तन र अधिकारलगायत मानवीय बहुआयामिक पक्षसँग गहिरो गरी जेलिएको छ। एउटा महिला गर्भपतनका लागि स्वास्थ्य संस्थाको शरणमा पर्न जाँदा सामान्यतया रहरले जाँदिन। पारिवारिक दबाब, सामाजिक दबाब, करियरको दबाब, कानुनी दबाब वा यस्तै कुनै वर्तमान वा भविष्यको जोखिमका कारण महिलाहरू गर्भपतनका लागि बाध्यकारी अवस्थामा पुग्छन्।कहिलेकाहीँ कानुनी उदारताको फाइदा उठाउँदा त्यसका साइड इफेक्टलाई नजर अन्दाज गर्ने मानवीय स्वभाव हो र त्यो बेलाबखत उत्कर्षमा पुग्न खोज्छ। तर त्यही फितलो र सतही तर्कका आधारमा गर्भपतनको जिम्मा कुनै पारिवारिक प्रतिष्ठा, सामाजिक आलोचनाको भय, धार्मिक परम्परा र विभिन्न खाले जड एवं अनुदारवादी प्रवृत्ति र संस्कारलाई सुम्पन सकिँदैन। वैज्ञानिक तथ्य, प्राकृतिक स्वतन्त्रताको अधिकार एवं सिद्धान्त र सभ्य समाजमा आम मानिसको समान अस्तित्व स्वीकारजस्ता विषयलाई आधार बनाउँदा आफ्नो प्रजनन अधिकारको सम्पूर्ण जिम्मा महिलामाथि छोड्ने कुरा नै सर्वथा सही, तार्किक, विभेदरहित र सम्मानजनक हुन्छ। एक बालिग महिलाले जसरी समाजमा आफ्नो क्षमता, दायित्व, कर्तव्य र सामाजिक सम्बन्धहरूमा विवेकपूर्ण ढंगले चरित्र प्रदर्शन गर्दै आफ्नो अस्तित्व र उपस्थितिलाई जिम्मेवार नागरिकका रुपमा बहन गरेकी हुन्छ, उसले प्रजनन अधिकारको उपयोग पनि ठिक त्यही ढंगले गर्छे।

गर्भपतन सम्बन्धी पश्चिमा कानुन विश्वका अन्य भू-भागको कानुनभन्दा उदार मानिन्छ। अधिकार र स्वतन्त्रताका लागि मानिसको आँखा पश्चिमा कानुन, संविधान र नजीरहरूमा केन्द्रीत रहने गर्छ। तर अमेरिकाले आफ्नो ५० वर्ष अघिको गर्भपतन सम्बन्धीको एउटा निर्णय उल्टाइदिएपछि विश्वव्यापी रुपमा एकपटक पुनः प्रजनन अधिकारको बहस चर्किने छ। नेपालमा पनि गर्भपतन सम्बन्धी अमेरिकी सुप्रिम कोर्टको फैसलाविरुद्ध महिला अधिकारकर्मीहरूले आवाज उठाइरहेका छन्। यो विश्वका महिलाहरूको प्रजनन अधिकारमाथिको हस्तक्षेप हो। खासगरी गर्भपतन सम्बन्धी आफ्नो ५० वर्ष अघिको फैसला अमेरिकी सुप्रिम कोर्टले उल्टाइदिएपछि त्यसबारे भर्खरै नयाँ बहस सुरु भएका मुलुकहरूमा रुढीवादी समूहहरू सशक्त बन्नेछन्। अमेरिकी सुप्रिम कोर्टको पछिल्लो फैसलाले संसारभरका महिलाहरू र अझ खासगरि महिला अधिकारको पक्षमा वकालत गर्ने अधिकार कर्मीहरू किन निराश र आक्रोसित भएका छन् भने गर्भपतन सम्बन्धी कानुनको उदारताले आफ्नो पहिलो पाइला अमेरिकामै राखेको थियो। गर्भपतन सम्बन्धी कानुनको इतिहासलाई कोट्याउनु पर्दा हामी १९७१ मा एकजना अमेरिकी महिलाले त्यहाँको सुप्रिम कोर्टमा दायर गरेको मुद्दासम्म पुग्नुपर्ने हुन्छ। त्यसमा गर्भपतनको सुविधासम्म सहज पहुँचका लागि अनुनय गरिएको थियो र त्यसमा गर्भधारण र गर्भपतन सम्बन्धी अधिकार सरकारको होइन महिलाको हुनुपर्छ भन्ने माग गरिएको थियो। त्यही मुद्दामा टेकेर अमेरिकी सुप्रिम कोर्टले सन १९७३ मा गर्भपतनसँग जोडिएको विषयमा महिला आफैले निर्णय गर्न पाउने फैसला गर्यो। अहिले त्यही फैसलाको निर्णय उल्टिएपछि अमेरिकामा व्यापक प्रदर्शनहरू छन्। राजनीतिक शक्तिहरू त्यही मुद्दामा विभाजित छन्। त्यसका बावजुद पनि महिलाहरूको प्रजनन सम्बन्धी अधिकार पुनःसंकटमा परेको छ।

यस्तो छ नेपालमा गर्भपतनसम्बन्धी कानूनी व्यवस्था

नेपालले प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न भनी विसं २०५९ सालमा गर्भपतनलाई कानुनी मान्यता दिएको हो। त्यस मान्यताले महिलाहरूलाई एक हदसम्म राहतको अनुभूति भयो। जब बढ्दो सहरी करणसँगै महिला-पुरुषहरू हरेक काममा सघन सम्पर्कमा रहन थाले विद्यालयदेखि नै यौन शिक्षा र प्रजनन सम्बन्धी अधिकार र कर्तव्यबारे आम महिलाहरूलाई शिक्षित र जागृत गराउन सकिएन। विस्तारै त्यसले प्रजनन सम्बन्धी थप अधिकारको आवश्यकतातर्फ समाजलाई घिसार्दै लग्यो। अझ भनौं शारीरिक सम्बन्धलाई सहज रुपमा लैजाने संस्कार युवा पुस्तामा व्यापक बन्यो। त्यसपछि मुलुकी अपराध संहिता २०७४ प्रजननको अधिकारका लागि थप खुकुलो बन्यो। यहाँनेर कानुनी दबाबमा समाजले आफूलाई उकुसमुकुस अवस्थामा राखेको अनुभूति गर्यो भन्ने बुझाइ न्यायिक नीति निर्माताहरूको बन्यो। समाजलाई कानुनी दबाबमा राखेर विकृतिहरूको विष्फोट निम्त्याउनुभन्दा सामाजिक दबाबमा कानुन खुकुलो बनाउनु उचित हुने निष्कर्ष निकालिएको हुनुपर्छ। तर महिलाको प्रजनन अधिकार एउटा यस्तो विषय हो जहाँ एकातिर धार्मिक अतिवादी समूहदेखि रुढीवादी सोच विचारको चासो बढी रहन्छ भने अर्कोतिर उदारताका नाममा स्वच्छन्दताको वकालत गर्नेहरू रुढीवादी विचारको प्रतिशोधले आवश्यकताभन्दा माथिको मागसहित लविङ र प्रदर्शन गर्छन्। समाजका यी दुई प्रवृत्तिको संघर्षकै बीच मुलुकी अपराध संहिता, २०७४ को दफा १८९ मा गर्भपतन गराउन सक्ने अवस्थाको व्यवस्था गरेको छ। जसमा स्वास्थ्यकर्मीले देहायको अवस्थामा गर्भपतन गराएकोमा कसुर भए गरेको मनिने छैन भनि व्यवस्था गरेको छ-

क) गर्भवती महिलाको मञ्जुरीले १२ हप्तासम्मको गर्भपतन गराएकोमा

ख) गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा महिलाको ज्यानमा खतरा पुग्नसक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुनसक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनि इजाजतप्राप्त चिकित्सकको राय भै त्यस्तो महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा

ग) जबर्जस्ती वा हाडनाता करणीबाट रहन गएको १८ हप्तासम्मको बच्चा गर्भवती महिलाको मन्जुरीले गर्भपतन गराएकोमा

